रारा ताल



लेखकः

खेमराज श्री कृष्ण शरणः ज्ञवाली

RARA TAL GEETI KAVYA



एष सर्वेश्वर एष सर्वज्ञ एष योनि एव अन्तर्यामो:
सर्वस्य प्रभवाप्ययौहि भूतानाम् । मा. उ. ६

Writer

Khem Raj Shree Krishna Sharan Jnawali

Sa. .V A., B, lib. Sc. Librarian, Proffesor Member N. S. Council, Member N. L. Associaticn Secretary V. V. Peeth L. ex. commette.

प्रकाशिका:
ज्ञानुदेवी ज्ञवाली

प्रकाशन मितिः- २०४७ मार्ग

प्रथम संस्करणः- १००० प्रति

मूल्य रू.:- ३५।-

मुद्रकः
सोमा छापाखाना, मैतीदेवी, काठमाडौं
फोन नं. - ४-१८११७

श्रीगणेशाय नमः ।

श्रीराधिकाकान्ताय नमः ।

रारा साहित्ये, प्रथम रचनायाम्,

प्रथम, पुष्प

"रारा ताल" नामक गीतिकाव्य

प्रारम्भः

लेखकः- खेमराज श्री कृष्ण शरणः झवाली

सा. वे. आः, वि. लीब. एस्सी, पुस्तकाध्यक्ष, प्राध्यापक, सदस्य ने. सं. परिषद, सदस्य ने. पुः संघ, सचिव वा० वि० पीठ पु० सं० समिति ।

मितिः- नि० समयः- २०२७/३/१४/ वि.सं.

मंगलाचरणम् १

सच्चिदानन्द रूप कृष्ण,
विश्वोत्पत्त्यादिहेतु छौ ।
तापत्रयविनाश गर्न,
तिमीलाई नमोनमः ।१।

श्रीकृष्ण रुक्मिणीकान्त, !
गोपीजन मनोहर ।
यो काव्य सागरे मग्नं,
माम् उद्धर जगद्गुरो ।। ।२।

तवास्मि राधिकाकान्त, !
कर्मणा मनसा गिरा ।
कृष्णकान्ते तवैवास्मि,
युवामेव गतिर्मम ।३।

इति खेम श्रीकृष्णशरणकृतं
मङ्गलाचरणं समाप्तम् ।

मंगलाचरणम् ९

यो जिन्दगी उसैको हो ।
जो कृष्णजीको भैगयो ।। ।।ध्रुवम्।।
राममानै चोरियो ।
यो जिन्दगी उसैको हो ।।
प्रेम गरी औ प्रेमलौ ।
भनिरहन्छु मानलौ ।।
यो जिन्दगी ० ।१।
जिन्दगीको दौंडमा ।
आपनु बाजो मारलौ ।।
मनको प्रेम भावमा ।
लिउन लिउन राम नाम ।
यो जिन्दगी ० ।२।
वाणी प्रेमद्वारमा
जप्नु नाम रातदिन ।।
भन्नु प्रेम श्याम श्याम ।३।

बस्नु रामकृष्णधाम ।।

यो जिन्दगी ० ।३।

तत्त्ववस्तु रामनाम ।

वेदसाररामनाम ।।

ध्यानगर्नु जान धाम ।।

यो जिन्दगी ० ।४।

समर्पण:

पूजनीय माता पिताका चरण-कमलमा यो "रारा ताल" नामक गीतिकाव्य, सादर सभक्ति समर्पण गर्दछु ।

हे मेरा पिता हे चूडामणि,
हजूरका पाउमा,
यो उपहार राराको ताल,
अर्पण गर्दछु ।१।

हे मेरी आमा हे खुमाकान्ता,
हजूरका पाउमा ,
यो उपहार राराको ताल
अर्पण गर्दछु ।२।

यो खण्डकाव्य,
यो गीतिकाव्य,
अर्पण गर्दछु ।
हे पिता माता !
अर्पण गर्दछु ।३।
स्वीकार होस्, यो गीतिकाव्य,
हजूरका पाउमा,
आशीष मिलोस ।
सदैव मलाई,
वरदान दिनुहोस ।४।

मेरो कथन

समय परिस्थिति र विवशताले मानिसलाई कहां लैजान्छ र कहां जानु पर्दछ ? भन्ने कुराको सीमा नै हुँदो रहेनछ। म पनि जीवन रूपी यात्रामा एक पटक कर्णाली अञ्चलको मुगु जिल्ला अन्तरगत रारा ताल (रारा दह) मा २०२७ साल आषाढ ४ गते पुगेको थिएँ। त्यहाँको रमाइलो ठाउँ र प्राकृतिक सुन्दरताले मलाई पनि मोहनी लगायो अनि मैले पनि त्यो ठाउँलाई छोड्न सकिन। अचानक भाग्य संयोगले मेरो शुभयात्रा सफल हुन गयो र म त्यहाँ रारा गाउंको नि. मा. वि. मा प्रधानाध्यापक हुन पुगें। केही महीनाको बसाइमा मलाई रारा तालको वर्णन गरी कविता लेख्ने लहड चल्यो र मैले रारा ताल सम्बन्धी गीतिकाव्य तयार गरें।

यस गीतिकाव्यलाई चार भाग [विमर्श] मा बिभाजन गरिएको छ। यस गीतिकाव्यमा रारा ताल [रारा दह] र प्राकृतिक सुन्दरताको

राम्रो वर्णन गरिएको छ । जुन तालको वरिपरि विभिन्न किसिमका मनोहर वृक्षहरू र झाडीहरूले गुञ्जायमान छ र धेरै पक्षीहरूले शान्तिको शंखनाद गरिरहेका छन् । म त्यहाँ गएको समयमा एउटा राज परिवारका सज्जन व्यक्तिले भनेका थिए - धेरै पहिले द्वापर युगमा श्रीकृष्ण अवतारको समयमा यस रारा तालको रमणीय दृश्य हेर्न साक्षात् भगवान श्री कृष्ण आफ्नी लिलादेवी श्री राधाको साथमा आउनु भएको थियो र श्री राधा कृष्ण भगवानले पनि यसको प्राकृतिक दृश्यले मोहित भई आफ्नो वाद्य वादन कलामा संगीतको रसास्वादन गर्नु भएको थियो ।

यस गीति काव्यमा लेखकको विचारमा संगीत रसास्वादनको प्रधानता दर्शाइएको छ । शास्त्रीय संगीत, लोक संगीत, लोक गीत, लोकलय, दोहोरी गीत आदि संगीतका छहराहरू संगीतज्ञ विद्वानहरूको लागि पनि उद्गम भएको देख्न सकिन्छ (देखिन्छ) । तर लेख्न सक्ने शक्ति पाठक वर्गमा हुनुपर्‍यो । लेखकका विचारमा संस्कृत भाषा र अंग्रेजी भाषामा पनि यस काव्यलाई

अनुदित गर्न सकेमा यसको क्षेत्र अझै व्यापक होला जस्तो देखिन्छ। हुन पनि हो संगीतको तान रसास्वादन यस्तो अमूल्य वस्तु हो जुन संगीतको मधुर ध्वनिले रसिकाचार्य श्री श्री भट्टाचार्यज्यूले युगल किशोर युगल साकर श्री राधा कृष्ण भगवानलाई प्रकट गरी साक्षात दर्शन गर्नु भएको आफ्नो मौलिक काव्य युगल शतकमा व्रज भाषाको माधुरीमा संगीतको प्रशस्त वर्णन गर्नु भएको छ। वहाँको काव्यको रसास्वादनमा सवै पाठकहरूको जीवननै सार्थक भएर जीवन मुक्ति र साक्षात् मुक्तिलाई प्राप्त गरेर अजर अमर वन्दछ।

संगीतको विषय अवर्णनीय छ र केवल अनुभव गम्य छ। संगीतको लक्षण यस प्रकार गरिएको छ- "वाद्यं नृत्यं च गीतं च त्रयं संगीत मुच्यते" जहाँ हारमोनियम, तवला, वन्जु वीणा, सारङ्गी बजाउनु बाजाका लयमा नृत्य गर्नु, वाद्य र नृत्य अनुसार भजन गजल गाउनु, यी तीन चीजको एउटै ठाउँमा सम्मेलन हुनु र रसास्वादन गर्नु लाई नै संगीत भनिएको हो। उदाहरणको निम्ति गीतिकाव्यको रारा ताल गीतको प्रथम

विमर्शमा यसरी गाइएको छ -

श्रीकृष्ण ताल, प्रकृति लय ।
सुन्दर गान, कोकिल गीत ।।
'सरिगम' गाउँछन् गन्धर्व ।।

संगीतको सम्बन्धमा नारद र भगवान श्रीकृष्ण को संवाद भएको निम्न वचन प्रामाणिक छ–
नाहं वसामि बैकुण्ठे योगिनां हृदये न च मद्भक्ताः यत्र गायन्ति तत्र तिष्ठामि नादः ।

संगीतको लक्षण यस प्रकार छ- निशादर्शभगान्धार षड्ज मध्यम दैवता पञ्चमश्चेत्यमि शप्तः तन्त्री कण्ठोत्थिता स्वराः । यसरी प्राचीन कालदेखि नै संगीतको महत्वपूर्ण स्थान थियो र अहिले यसको महत्व झन बढ्दै गएको छ। अतएव मेरो गीति काव्यलाई मेरा सहयोगी मित्रहरुले यस गीतिकाव्यलाई पढेर प्रकाशित गर्ने सल्लाह दिए पनि आर्थिक समस्याले गर्दा मैले प्रकाशित गर्न सकेको थिइन। अहिले आएर प्रकाशित गरेको छु। यस गीतिकाव्य बाट पाठकलाई मिठो रसास्वादन हुन गएमा मात्र मेरो अन्तरात्माले सन्तुष्टि प्राप्त गर्नेछ ।

मेरो गीतिकाव्यलाई प्रा० तेज केशरी शर्मा,

प्रा० गोपाल निधि तिवारी, पुस्तकालयाध्यक्ष तथा ने० पु० सं० का उपाध्यक्ष श्री रुद्र प्रसाद दुलाल, आचार्य गङ्गा प्रसाद उप्रेती, प्रा० खेमराज केशव शरण र जन सन्देश साप्ताहिकका सम्पादक श्री भानुभक्त मरासिनीले प्रेम पूर्वक अवलोकन गरी प्रकाशित गर्ने सुझाव र उचित सल्लाह दिनुभएकोमा वहाँहरू प्रति कृतज्ञता ज्ञापन गर्दछु ।

साथै अन्य सहयोगी मित्रहरू र यस गीति काव्य-लाई प्रकाशित गरिदिने मेरी धर्म पत्नी ज्ञानु देवी ज्ञवालीलाई पनि धन्यवाद दिंदै अन्त्यमा नवोदित राष्ट्रका प्रतिभाहरूले नेपाली साहित्यलाई महत्व-पूर्ण योगदान दिन सकुन् र भरखर रोपिएको प्रजातन्त्रको विरुवा छिटै फलोस फुलोस् र नेपाली जनताहरूलाई सदै शीतल छहारी दिन सकोस् ।

अस्तु



लेखकको परिचय



लेखकको नाम खेमराज ज्ञवाली । लुम्बिनी अञ्चल, अर्घाखांची जिल्ला, ठूलाखर्क चिदिका, वडा नं ७ मा संवत् १९९३ साल वैशाख महीनामा जन्म । बाल्यकाल सुन्दर वातावरणमा नै वितको र आर्थिक अवस्था पनि राम्रै हुंदा पाँच वर्षमा नै अक्षरारम्भ । १० वर्षमा खिदिम हरिहर संस्कृत पाठशालामा संस्कृत अध्ययनमा प्रवेश । १५ वर्षको उमेरमा खिदिमबाट विदा भई हरिहर संस्कृत पाठशाला वाराणसीमा

अध्ययन प्रारम्भ । संवत् २००४ सालदेखि हरिहर संस्कृत पाठशाला वालाजी वाराणसीमा अध्ययन गरी सन् १९५२ मा नव्यव्याकरण विषय लिएर मध्यमा परीक्षा प्रथम श्रेणीमा समुत्तीर्ण । त्यस पछि वृन्दावनमा श्रीमद्भागवत् र गीता स्वाध्याय, अनि निम्बार्क वेदान्त शास्त्रो स्वाध्याय । संवत् २००९ सालमा आफ्नो घर चिदिकामा नै आगमन । केही समयको घर बसाइ पछि फेरि वाराणसी राजकीय संस्कृत महाविद्यालयवाट सन् १९५५ मा शाङ्कर वेदान्तशास्त्री समुत्तीर्ण । सन्,१९६० मा शाङ्कर वेदान्ताचार्य उत्तीर्ण । सन् १९६६ मा साहित्याचार्य र अंग्रेजी आइ० ए० उत्तीर्ण । त्यस पछि हरिहर संस्कृत पाठशाला दुर्गाघाट वाराणसीमा ३ बर्ष सम्म प्राध्यापन । त्यस पछि भवानी संस्कृत महाविद्यालय बिश्वनाथ गलीमा पनि एक वर्ष प्राध्यापन । संवत् २०२६ सालदेखि २०२८ सालसम्म प्रस्तावित नेपाल संस्कृत विश्व विद्यालय दाङमा प्राध्यापन । यसै बीचमा नेपाल संस्कृत विश्व विद्यालय

वेलझुण्डो दाङको ग्रीष्मावकाशमा २०२७ साल आषाढ चार गतेदेखि असौज महीनासम्म मुगु जिल्ला रारा ताल (रारा दह) को नि० मा० वि० मा प्रधानाध्यापकको पदमा रही प्राध्यापन । संवत् २०२८ साल वैशाख देखि असारसम्म तौलेश्वर नाथ संस्कृत प्रधान पाठशाला, तौलिहवा कपिलवस्तुमा प्राध्यापन र सिद्धार्थ पत्रिकाको प्रकाशन । संवत् २०२९ साल जेठ १० गते देखि श्री वाल्मीकि विद्या पीठ पुस्तकालयमा हाल सम्म कार्यरत । संस्कृत भाषा र नेपाली भाषामा लेखिएका लेख, तथा कविताहरू विभिन्न पत्र-पत्रिकाहरूमा प्रकाशित ।

★★★★

प्रकाशकीय



मेरा पूज्यपाद स्वामी खेमराज ज्ञवालीद्वारा धेरै वर्ष अघि नै लेखिएको यो गीति काव्य वहाँको प्रकाशित गर्ने प्रवल इच्छा हुदा हुँदै पनि आर्थिक कठीनाईले रोकिएको थियो। अहिले मैले वहाँको यस गीति काव्यलाई प्रकाशित गरि दिन पाउँदा आफूलाई धन्य संझेको छु। पुस्तकको अध्ययनबाट पाठकवर्गको आत्म संतुष्टि भएमा मात्र हाम्रो आत्माले शान्ति पाउने छ।

अन्त्यमा भरखरै उदाएको प्रजातन्त्रको सुन्दर बिहानीले यो नेपाली धर्ती स्वच्छ र सुन्दर बनोस, अनि नेपाली जनताहरुको कल्याण होस्

अस्तु।

सम्मतिः—१

श्रद्धेय विद्वद्वर श्रीं खेमराज झवाली साहित्य वेदान्ताचार्य बी. लिब्. एस्सीले, रचना गर्नु भएको पद्यकविता रारासाहित्य, रारातान नामक गीतिकाव्य (खण्डकाव्य) पढेर अत्यन्त खुशी लाग्यो । हाम्रो जनजीवनमा यस्तो लोक-गीतको झलकले सजिलैसंग प्राकृतिक सौन्दर्यको मर्म झल्काउन सक्दछ । प्रकृति नै लयदार छन्दमा उत्रेकोले यसले केवल हृदयस्पर्श मात्र नभैर फि शान्तिको पनि सरिता बहाउंछ । लेखकको सिर्ज-नात्मक शक्ति र प्रकृतिको भक्तिले सुन्दररूप धारण गर्न सकेको यो देन अवश्य नै देशप्रेम बढाउनमा उत्तकृष्ट मान्नु पर्दछ । आनन्दका छालहरू प्रकृतिको सम्झनाबाट लहराउंदा जुन भावना र संवेदना मुखरित हुन्छन्, त्यसले अवश्य नै साहित्य विधामा नयां आयाम थपेको हुन्छ । लेखकको यो प्रयास हृदयङ्गम गरेर गीतिकाव्यमा रमाउन सबै संग प्रार्थना गर्दछु ।

२०४६/१२/१५/ गोपाल निधि तिवारी

वेदान्ताचार्य, एम. ए. [इंगलिश]

:ाली बजार घ/२/८६ का:न. पा. वडा नं. ३३

सम्मति:-२

श्री खेमराज ज्ञवाली ज्यू मेरा चिर परिचित मित्रहरू मध्ये अनन्यतम हुनु हुन्छ। वाल्मीकि (संस्कृत अध्ययन संस्थान, वर्तमान महेन्द्र संस्कृत विश्वविद्यालय) विद्यापीठका पुस्तकालयमा वहाँको प्रशंसनीय सहयोग साथै वहाँको गम्भीर विद्वत्ता र अनुभव आदिको परिचय मिलेको हो। त्यसै बीच वहाँका फुटकर राष्ट्रिय रचनाहरूको आनन्द पनि वेलावेलामा पाउने सौभाग्य मिलेकोमा पनि हाल-साल वहाँले रचना गर्नु भएको जातीय शक्तिशाली लय छन्दको ताल र बाँधका रमझममा सुरिलो कण्ठबाट गाइएको "रारा ताल" गीतिकाव्यको मधुर तथा हृदयस्पर्शि देश प्रेम र जातीय उद्बोधनपूर्ण श्रवणबाट वहाँको अर्को उज्ज्वल व्यक्तित्वको परिचय मिलेकोले यसले सबै साहित्य प्रेमी बन्धुहरूलाई आनन्द दिनेछ भन्ने विश्वास लिएको छु। भविष्यमा पनि वहाँबाट यस्तै देशभक्ति तथा नेपाली संस्कृतिले पूर्ण रचना हामीले निरन्तर पाउने आशा गर्दै वहाँ प्रति कृतज्ञता ज्ञापन गर्दछु।

तेज केशरि शर्मा
सरकारी प्राध्यापक (नेपाली विभाग)
वाल्मीकि विद्यापीठ
२०४६/१०/६/२/ महेन्द्र संस्कृत विश्वविद्यालय

सम्मति:-३

विद्वद्वर श्री खेमराज ज्ञवाली ज्यूले लेख्नु भएको पद्यबद्ध कविता "रारा साहित्य (राराताल)" नामको पुस्तक मैले आद्योपान्त पढें । यो पुस्तकबाट नेपाली साहित्यमा प्राकृतिक चित्रणको कमी पुरा हुनुको साथै भानुभक्तीय सरल र सहज धारामा एउटा नयाँ अध्याय थपिएको छ ।

परिश्रम गर्नु भएमा यहाँ महाकविको पदवीमा पुग्ने सम्भावना भएको मेरो धारणा छ ।

उमानाथ ज्ञवाली
एम. ए, व्याकरणशास्त्री
थोर्गा, गुल्मी

२०२८/१/६/

सम्मतिः–४

कविता र विद्वत्ता ,दुवैको संयोग बिरलै व्यक्तिमा पाइन्छ । श्री आचार्यवर ज्ञवालीज्यू, भावुक कवि र यथार्थान्वेषी विद्वान् हुनुका साथै सज्जन व्यक्ति पनि हुनुहुन्छ । समयले गर्दा कुण्ठित प्रतिभाहरू-लाई, फुष्टाउने वातावरण अहिले ज्यादै आवश्यक भएको छ। साहित्य, संचार साधनको सुविधाभोगी-हरूको पेवा अवश्य पनि होइन । श्री खेमराज ज्ञवालीजो जस्ता साहित्यकारहरूको सम्मान हुनु पर्दछ । सम्मान र, धनका लागि साहित्यसेवी बन्ने धेरै होलान्, तर, कसैको प्रोत्साहन, पुरस्कार र सहुलियत, नपाउँदा पनि,भाषा र साहित्यको क्षेत्रमा कलम चलाउने ज्ञवालीज्यू, साधूवादका पात्र हुनुहुन्छ । उहाँको राराले, मानव समुदायको, मन र आत्मालाई, काव्यरसको स्वाद प्राप्त गराओस, ज्ञवालीज्यूमा सरस्वतीको, पूर्ण कृपा बनीरहोस, यही मेरो मङ्गलमय कामना छ ।

२०४६/१२/१५/

वेणीमाधव ढकाल
साहित्य विभाग,
उपप्राध्यापक, बा० वि० पीठ

शुभकामना एवं धन्यवाद

वाल्मीकि विद्या पीठ पुस्तकालयका पुस्तकाध्यक्ष श्री खेमराज ज्ञवाली ज्यूले, "रारा ताल" नामक गीतिकाव्य, प्रकाशित गरी साहित्यप्रेमी जनताको सेवा गर्नु भएकोमा, म वहाँलाई शुभकामना व्यक्त गर्दछु। साथै अन्त्यमा वहाँलाई, काव्य निर्माण गरी, जनसेवा र देशसेवा गर्ने कार्यमा, श्री सरस्वती माताजीले सद्बुद्धि प्रदान गरून्, यही मेरो शुभकामना छ। अस्तु।

अध्यक्ष
सा० वि० ठाकुर
नेपाल पुस्तकालय संघ
काठमाण्डौ
२०४७/५/३१/

INTRODUCTION

I have throughly read this lyrical poem composed by Mr. Khemraj Gyanwali Shrikrisna sharan. This lyrical Poem is neither religious nor erctic type cf poem. It is a short piece in which the nature is vividly described by the poet. Here in this lyric; plants flowers, fruits, apples, arya fruits rilu fruits etc. are depicted brilliantly. This lyric consists of deities such as the Ganesh, the sun, Goddesses, Shiva, RadhaKrishna, and also Sinja river, Karnali; Yava rivers and their confluences depicting effectively. The numbers of the verses are 107 in Jhyaure Metre, slow and melodious sound. I wish his success in writting such lyrical poems and also other poems in future.

Date;- 2047/2/21/2

Prof. Saraswati Pd. Ghimire
Chairman of Sanskrit Department
Tribhuvan University, Kirtipur
Kathmandu, Nepal



PREFACE

I read all the verses of the lyrical poem, 'RARA TAL' (Rara, the lake) composed by Mr. Khem Raj Gyanwali also known as Srikrishna Saran. Mr. Gyanwali, a librarian by profession has tried his best to expose the beauty of this kingdom through 'RARA Lake.'

Rara is a lake located in the north western part of Nepal· It is considered as a symbol of natural beauty of this Himalian kingdom. So it has become the source of inspiration to many poets and artists. Mr. Gyanwali, the poet has also tried to exercise his imaginative power in this piece of art 'Rara Tal.'

This piece consists of 107 verses. All verses have a quality of lyrical charm. They can equally be sung in different folk tune. Mr. Gyanwali deserves appreciation.

At last, I would like to express my good wishes for his success.

2047/2/21/2

G. P. Uprety
Campus Chief
Campus of International Languages
T: U.; Exhibition Road, Kathmandu

PREFACE

I got a chance to go through the book "Rara Tal" written by Mr. Khem Raj Gyanwali. Mr. Gyanwali, a librarian by profession has vividly highlighted the origional beauty of the nature through the medium of this lyrical poem.

He has focoused his poem to a particular lake, and however he has not left the sorrounding beauty of the village its habitants, their culture and religion. Moreover, he is able to depict the philosopy and moral conducts of human life.

Although, the division of the matters of the poem are uneven in number, they are able to cover the different aspects of the nature. The fourth part of the poem "indicates the situation of heavenly contempt in the earth.

I wish that all the lover of literature will be able to take satisfaction from this poem.

2047/2/21/2

R. P. Dulal
Librarian and vice President
Nepal Library Association

सरस्वतीगीतम्

वरदे ! वीणावादिनिवरदे !
काटि अन्ध उरको बन्धन ज्वर ।।
व्यक्त गरो ज्योतिर्मय निर्झर ।
प्रिय स्वतन्त्र अमृत तन्त्रमय ।।
नेपालमा भरदे । वरदे ० ० ० ।।१।।
नाशि द्वेष जनको बाधक मल ।
जगा जननि तेजमय शम्बल ।।
शुभ स्वतन्त्र जगत दन्त्रबल ।
नेपालमा भरदे ।। वरदे ० ० ० ।।२।।
इति श्री खेमकृतं सरस्वतीगीतं समाप्तम् ।

विषयसूची

रारताल नामक, गीतिकाव्य

प्रथम विमर्श:

रारताल परिचय:-

प्रथम पुष्प

रारादह सुताल, हेर्नु होस गोपाल ।
वारि पारि धूपीसल्ला, गाउंछन् विशाल ।१।
रारादह सरोवर, नीलो जल सलल ।
छायानाथ ठाकुर, संरक्षक सकल ।२।
दर्शनीय तालले, विकास गर भन्दछ ।
विहानमा तालको, जल शान्ति भर्दछ ।३।
ताल माथि रारा गांउ, बसेको छ सुन्दर ।
प्राकृतिक साधन, लेक वायु हरर ।४।
नारायण सूर्यको, प्रतिबिम्ब तालमा ।
प्रतिदिन बिहान, चम्केको छ रारामा ।५।
प्रतिबिम्ब जस्तो छ, उस्तै रुप लिएर ।
शान्ति दिन्छ तालले, ब्रह्मरस दिएर ।६।
ताल इतिहासले, शिक्षा गौरव दिएको ।
ऐश्वर्य र शान्तिको, लहरी नै भरेको ।७।

संसारका जनता, दृश्य हेर्न आएको ।
वारि पारि तालको, धेरै फूल झुलेका ।८।
घारेंफल वखर, खंगालो र आरुको ।
ढटेलो र चुलीऔ, रिलुफल फलेको ।९।
ऐंसेलु र चौतारो, भूमिकाफल फलेको ।
साढे चारकोश प्रमाण, ताल सुन्दर भएको ।१०।
नाना रङ्ग विरङ्ग, फल कन्द झुलेको ।
प्रकृतिका हिमाली, हीरा मोती टल्केको ।११।
प्रकृतिले तालको, चित्र खिची बसेको ।
ताल रुप रङ्गले, जन दङ्ग पारेको ।१२।
प्रकृतिका साधन, ताल शोभा गरेका ।
ब्रह्माजीले सृष्टिको, कलापूर्ण भरेका ।१३।
सुन चाँदी हिरा औ, मणि खानी भरेको ।
प्रकृतिले चित्र औ, मूर्तिकला खिचेको ।१४।
नानारुप रङ्गका, फूल फल झुलेका ।
यथा शक्ति सबैले, सेवा रस दिएका ।१५।
पुरातत्व खोजेर, रारादह पुगेर ।
श्री ५ महेन्द्रले, रारादह भनेर ।१६।
दुई हजार बीस साल, सातदिन बस्नुभो ।

परिक्रमा तालको, परी दृश्य हेर्नु भो ।१७।
वारिपारि तालको, डाँडा जङ्गल बसेको ।
पुण्यभूमि ताल यो, ठूलो तीर्थ बनेको ।१८।
चन्द्रसूर्य देवले, ताललाई हेरेका ।
ताल भित्र बसेर, हर्ष नृत्य गरेका ।१९।
रारा गाउंका जनले, खानेपानी धाराको ।
धारामाथि देवल, शोभा दिने राराको ।२०।
रारागाउं छाप्रुगाउं, ताल दृश्य हेरेका ।
तालमाथि पाठशाला, दुईखोलो बसेका ।२१।
गाउंघर घरमा, स्याउ फल झुलेका ।
स्याउफल बेचेर, अर्थ विकास गरेका ।२२।
गाउंको बाटा वरिपरि, ढटेलाको विकास ।
गाउंघरको छानामा, भेडाऊन विकास ।२३।
राडी पाखी फेरुवा, कम्बलको विकास ।
गलेवन्ध स्वीटर, स्वावलम्बी प्रकाश ।२४।
शिक्षा विकास गरेर, ज्ञानज्योति वालन ।
सफा सुघ्घर गरेर, कालो मैलो फालन ।२५।
भविष्यमा ताल यो, स्वर्ग भूमि हुनेछ ।
आनन्द र शान्तिको, गङ्गा सागर बन्ने छ ।२६।

संसारका जनले, तालगान गर्नेछन् ।
तालको दर्शन पाएर, शान्ति सुख पाउंनेछन् ।२७।
लोलादेवी प्रकृति, सौन्दर्यको साथमा ।
जलक्रीडा गर्नु भो, रारादह रातमा ।२८।
आनन्दको लहरी, वरिपरि देखाइ ।
जनलाई सुपथ, दर्शाउंदी हंसाई ।२९।
पञ्चमूल फुटेर, पाँचधारा वगेको ।
मूलको चिसो पानीले, ताल चिसो भएको ।३०।
शीतल बायु लिएर, हरियो वन बसेको ।
वारिपारी हरिया, मैदानले घेरेको ।३१।
मूलको पानो फुटेका, कोइली गीत गाएको ।
शाहवंसी राजाको, गाउंबस्ती बसेको ।३२।
विकासमा राजाले, सुसाधन दिएको ।
यन्त्रद्वारा राजाले, तालको पानी नापेको ।३३।
तालकोपानी बगेर, पश्चिम दिशा गएको ।
त्यै तालको पानीले, घट्ट धेरै चलेको ।३४।
रारा गाउं छाप्रुगाउं, घट्टपिस्न गएका ।
निजार खोलो मूर्माघट्ट, खोलोमिली बगेका ।३५।
तालको चिसो पानीमा, पंक्षी क्रीडा गरेका ।

पर्यटकहरुले शोभा हेरी गएका ।३६।
चुचामारे लेकले, तालको दृश्यहेरेको ।
डांडा खोला मिलेर, चौकीदार बसेको ।३७।
नरनारी सबैको, दृष्टि यसमा पर्दछ ।
रारादह दृश्यले मन सबैको हर्दछ ।३८।
आनन्दको लहर, सिमानाघीं बग्दछ ।
तालजलको लहर, काव्य रस भर्दछ ।३९।
पूर्वदिशातीरमा, शिवजीको मन्दिर ।
जनको दु:ख हरन, विराज छन् शङ्कर ।४०।
पश्चिम दिशा तीरमा, तालको पानी बगेको ।
त्यै निकास माथि भै दक्षिण पुल गएको ।४१।
खोलापारी जानेपुल, बनेको छ काठको ।
त्यै पुलको मध्यभागमा, यन्त्रसुन्दर पानीको ।४२।
पुलपारितीरमा, श्मशान घाट रहेछ ।
त्यै घाटको समीप, बिष्णुशीला फुर्दछ ।४३।
नारायण दर्शन, जीव सबै गर्दछन् ।
दर्शन गरी जनता, मुक्ति मुक्ति पाउंदछन् ।४४।
प्रतिदिन उषामा, निर्मल पानी लहर ।
इन्द्रेनी झैं बन्दछ, जाल अति सुन्दर ।४५।
रारा छाप्रु गाउंका, जनताको यो तीर्थ ।

स्नान गर्ने जनलाई, पुण्य दिन्छ सुपथ ।४६।
राराताल छेवैमा, बस्ने भक्त सज्जन ।
स्नान गरी बसेर, छोड्छन् अन्न भोजन ।४७।
वारिपारि मैदानको, रमणीय दृष्य ।
डाँडाकाँडा सुशोभित, दिव्य सुन्दर दृष्य ।४८।
माधुरी शोभा लिएर, खेल्छिन् देवी प्रकृति ।
कृपा पूर्ण दृष्टिले, हर्छिन् दैवी विकृति ।४९।
श्रीकृष्ण तालको तीरमा, बसेकी प्रकृति रानी ।
सुराम्रो दिव्य देहैलें, बनेकी छन् कलाखानी ॥
क्रिडाको देवी स्वामिनी गोपाल तालमा आई,
बसेकी तालको साथै गरेकी सुलिला रमाई ।५०।
मनोहर रागको गाना विचित्रै तालमा गाई,
भएकी नादको स्वामिनी सूर्यको संगतै पाई ।
तालको कलकले नाद तालको माधुरी भावमा,
गाउंदी प्रकृति रागमा वैदिकी गीतको भावमा ।५१।
भक्तको भक्ति भावैमा आउने प्रकृति तालमा,
खेल्दै तालको तीरमा गाउंदै कोईली गीतमा ।
रागले कीर्तनै गर्दै तनमनै तालमा धर्छिन्,
दृश्यको प्रेमले प्रकृति सर्वद सृष्टि नै गर्छिन् ।५२।

तालको तीरको रागिनी पंक्षीको गीतको गायिका,
ईश्वरी अप्सरा साथमा माधुरी तालमा नायिका ।
रागिनी रागमा नाचेकी सृष्टिको कार्यमा हाँसेकी,
बुलबुले नादमा नर्तकी,
साधिका देश बिकासकी ।५३।

इतिश्री रारताल परिचय प्रथम पुष्प समाप्त ।



श्रीकृष्णताल

(रारातालगीत) (द्वितीय पुष्प)

श्रीकृष्णताल, प्रकृतिलय ।
सुन्दरगान कोकिल गीत ।।
संगीत गाउंछन् गन्धर्व ।ध्रुवम्। ।१।

श्रीकृष्णताल, राराकोगाउं ।
प्रकृतिताल, राराको तीर ।।
संगीत गाउंछन् गन्धर्व । ।२।

सुरम्य देश राराकोगाउं ।
रोचकतीर, कोकिलगीत ।।
संगीत गाउंछन् गन्धर्व । ।३।

मृगङ्गनाद, माधुरीलय ।
प्रकृतिताल सुन्दरगीत ।
संगीत गाउंछन् गन्धर्व । ।४।

माधुरीगीत, मयूरगान ।
पांनीय नांद काननभाग ।
संगीत गाउंछन् गन्धर्व ।५।

माधुरीगीत, वुलबुलु नाद ।
सुवाद्यताल, संगीतजाल ।।
संगीत गाउंछन् गन्धर्व ।६।

श्रीकृष्ण मार्ग , सुजन गीत ।
सुवंशी नाद , वीणाको राग ॥
संगीत गाउंछन् गन्धर्व ।७।

इतिश्री श्रीकृष्ण ताल गीत द्वितीय पुष्प समाप्त ।


卐卐卐

राराताल गीत (तृतीय पुष्प)

प्रकृति नाचेकी , रारातालैमा ।
श्रीकृष्णको सवारी , रारा तालैमा प्रकृति -- ।१।
प्रकृति बसेकी ,रारातालैमा ।
संस्कृति नाचेकी , रारातालैमा । रोटक।
राधिका नाचेकी , रारातालैमा ।
शिव कृष्ण नाचेका, रारातालैमा ।। प्रकृति --।२।
चुचामारे बसेको , रारातालैमा ।
रारागाउं बसेको, रारातालैमा । प्रकृति -- ।३।
सूर्यदेव डूबेको, रारातालैमा ।
जड़ीबुटी बसेको, रारातालैमा ।। प्रकृति. -- ।४।
संस्कृतिले हेरेको, रारातालैमा ।।
संगोतले देखेको, रारा तालैमा प्रकृति,- - ।५।

इति श्री राराताल गोत तृतीय पुष्प समाप्त ।

इति श्री राराताल (गीतिकाव्य) प्रथम विमर्श
समाप्त



अथ "राराताल" गीतिकाव्य , द्वितीय विमर्श
प्रारम्भः

राराताल नामगीत (प्रथम पुष्प)

कति राम्रो राराको ताल हो ।
वारिपारि चारकुने परेको ।
रारादह राराको दहले, नामलियो राराको तालको ।
। रीटक ।

कति राम्रो जल हो तालको ।
कलकल टलपल गरेको ,
बोस सालमा श्री ५ बसेको ,
ताल पारि राराले हेरेको ।
राजा हाम्रा गोपाल वीरलाई,
जनताले संझना गरेको ,
सात दिन गोपाले बसेर ,
ताललाई अप्सरा भनेको ॥ ११
कति राम्रो राराको ताल
राराकी अप्सरा नामले ,
ताल ख्याति गरेर गएको ,
रारा गाउं शान्तिले देखेको ,
छायानाथ प्रभुले पालेको ।

११

विदेशका बुधजन आउंदछन् ,
ताल शोभा हेर्नलाई भनेर ,
ताल दर्शन गरेर ती जन ,
घर जान्छन् आनन्दी भएर ॥
कति राम्रो राराको ताल. ।२।
ताल हाम्रो पवित्र रहेछ ,
तीर्थ स्थान भएर बसेको ,
विकास गर भन्दैछ तालले ,
संस्कृति र आदर्श शिक्षाको ।
रारा ताल विशाल रहेछ ,
प्रकृतिले सुरम्य भएको ,
फूल फल रङ्गलाई भरेर ,
जडोबुटी ओखती भरेको ॥
कति राम्रो राराको ताल ।३।

इतिश्री रारा ताल नाम गीत प्रथम पुष्प समाप्त

卐卐卐

राराकी अप्सरा (द्वितिय पुष्प)

राराको तालमा , कोईलीको गीतमा ।
बांसुरी नादमा, नाचकी अप्सरा ॥
बोलाउन संस्कृति , हटाउन विकृति ।
बसेको तालमा, नाचेकी अप्सरा॥ ।रीटक। ।१।
राराको तालमा :रमाइलो तीरमा ।
सुरीलो स्वरमा , नाचेकी अप्सरा ॥
बोलाउन संस्कृति ० ० ० ।२।
मादलु स्वरमा , मधुरोलयमा
रसीलो रागमा, नाचेकी अप्सरा ॥
बोलाउन ० ० ० ।३।
मधुरो गीतमा , बुलबुले नादमा ।
राजाको भावमा , नाचेको अप्सरा ॥
बोलाउन ० ० ० ।४।
राराको तालमा , प्रकृति पादमा ।
भक्तिको भावमां , नाचेकी अप्सरा ॥
बोलाउन ० ० ० ।५।

सत्ताईस सालमा , आषाढ[1] चारमा ।
राराको तालमा , नाचेकी अप्सरा ॥
बोलाउन ०० ।६।
चारकोशे[2] तालमा सल्लाको माझमा ।
बुलबुल ध्वनिमा, नाचेकी अप्सरा ॥
बोलाउन ००० ।७।
के राम्रो तालमा !, झ्याउरेलयमा
संस्कृति गीतमा, नाचेकी अप्सरा ॥
बोलाउन ००० ।८।
नेपाल भूमिमा, राराको गाउँमा
हुटुको चौरमा, नाचेकी अप्सरा
बोलाउन ००० ।९।
छाप्रुको गाउँमा, देवीको नाउँमा ।
सुरीलो रागमा, नाचेकी अप्सरा ॥
बोलाउन ००० ।१०।
बुद्धको नाऊमा शान्तिको गीतमा ।
राराको माझमा, नाचेकी अप्सरा
बोलाउन ००० ।११।

राराको अप्सरा, द्वितीय पुष्प समाप्त

नोट:—१. २०२७ साल आषाढ ४ गते लेखक रारा ताल पुगेको ।
२. चार्कोशे पदको अर्थ, साढे चारकोश भन्ने हो ।

रारा ताल विजय गीति [तृतीय पुष्प]

कर्णाली अञ्चल, मुगुको मण्डल,
राराको प्रकृति, तालको आरति ।।
विजयको गीति, ईश्वरको प्रीति,
संझन्छु मनले । रीटक ।० ० ।१।
राराको तालमा, प्रकृति पादमा ।
भक्तिको भावमा, संस्कृति गीतमा ।।
विजयको गीति, ० ० ।२।
नेपाल भूमिमा, राराको गाउँमा ।
हुटुको चौरमा, सुरीलो रागमा ।।
विजयको गीति ० ० ।३।
छाप्रुको गाउँमा देवीको नाउँमा ।
भक्तिको भावले, सुरीलो रागले ।
विजयको गीति० ० ।४।
सत्ताईस सालमा, आषाढ चारमा ।
राराको तालमा, बाँसुरी नादमा ।।
विजयको गीति० ० ।५।
चार्कोशे तालमा, सल्लाको माझमा ।
बुलबुल ध्वनिमा, के राम्रो तालमा ! ।।
विजयको गीत ० ० ।६।

[रारा ताल विजय गीति तृतीय पुष्प समाप्त]

6

रारा ताल प्रकृति गीत [चतुर्थ पुष्प]

राराको तालमा, स्वादिलो रसमा ।
मायालु गीतमा, माधुरी भावमा ।।
के राम्रो तालमा ! नाचेकी अप्सरा । ।रीटक।१।
रिलुको फलले, शीतल जलले ।
संगीत गीतले, बढेको बलले ।।
के राम्रो तालमा ! ।२।
चार्कुने तालमा, चार्कोशे तालमा ।
मधुरो जलमा , संगीत रसमा ।।
के राम्रो तालमा ! ।३।
आदर्श गाउंमा, राराको ठांउंमा ।
छाप्रुको गाउंमा देवीको नाउंमा
के राम्रो तालमा ! ।४।
हुटुको चौरमा, स्याउको वारीमा ।
राजाको गाउंमा, झ्याउरे लयमा ।।
के राम्रो तालमा ! ।५।
मूर्माको गाउंमा, डाँडाको ठाउँमा
चुचाको लेकमा, मायालु गीतमा ।।
के राम्रों तालमा ! ।६।

रारा ताल प्रकृति गीत चतुर्थ पुष्प समाप्त ।
इति श्री द्वितिय विमर्श समाप्त ।

अथ रारा ताल गीति काव्य, तृतीय विमर्श प्रारम्भः

सिजानदी गीत [प्रथम पुष्प]

मुगुवाट बगेर आउँदछिन्,
सिँजानदी कलकल गरेर ।रोटक।
हाटसिजा सिजाली राजाको
राजधानी तोरमा बसेको ।
जालन्धर राजाको राज हो,
जालपार कनका बसेको ॥
मुगुवाट ०० ।रोटक । ।१।

सिजानदी सिजाका जनलाई,
दूधधारा वर्षाई बगेकी ।
कति राम्रो माधुरो ! जलको,
मोती चाँदी वर्षाउँदै गएकी ॥
मुगुवाट ०० ।२।

किसानलाई हँसाइ सिचेकी,
अमृतलाई वर्षाई पालेकी ।
सिजानदी कर्णाली भएकी,
जनमनमा शीतल भरेको ।
मुगुवाट ०० ।३।

सलल वगेर आएकी

सिंजानदी रनुखा गाउँमा ।
वारिपारि हरीया ड़ाँडालाई,
शंख ध्वनि सुनाउँदै गुफामा ।।
मुगुबाट ०० ।४।
थरर थर्काई पहरा,
हिमानदीं छोडेकी लहरा ।
सिंजानदी तिलामा मिलेकी,
नागभामा बजाई नगरा ।।
मुगुबाट ०० ।५।
राजा हाम्रा गोपाल वीरलाई
सिंजानदी स्वागत गरेकी ।
सिंजानदी स्वागत गर्दै
श्रीपाँचको सवारी हेरेकी ।
बीस सालमा सवारी भएर
जनतालाई दर्शन दिएर,
कनका र जालपा बसेको
सिंजानदी दृश्यलाई हेरेर ।।
मुगुबाट ० ० ।६।

सिंजानदी गीत प्रथम पुष्प समाप्त ।

प्रकृतिगीत [द्वितीयपुष्प]

राराको तालमा, प्रकृति गीतमा ।
के राम्रो तालमा ! नाचेको अप्सरा ॥
के राम्रो तालमा ! नाचेको अप्सरा ॥
। रीटक । ।१।

बोलाउन संस्कृति, हटाउन विकृति ।
बसेको तालमा, नाचेको अप्सरा ॥
के राम्रो तालमा, । ० ० ।रीटक । ।२।
चाकूने तालमा, चाकौंशे तालमा ।
बाँसूरी नादमा, नाचेको अप्सरा ॥
के राम्रो तालमा ।० ०।रीटक । ।३।

इतिश्री प्रकृति गीत द्वितीय पुष्प समाप्त ।

इतिश्री रारा‍ताल गीतिकाव्य
तृतीय विमर्श समाप्त ।

★★★

अथ चतुर्थ विमर्श,

पितृविरह गीत, प्रथम पुष्प प्रारम्भः ।

जन्मदाता श्रीपूज्यपितालाई,

विरहको गीतैमा संझन्छु ।ध्रुव।

हामीलाई वियोगपारी,

धामगयौ हरिनाम जपेर ।

सपनोमा दर्शन दिनुहोस्, ।

शिक्षादीक्षा दिएर जानुहोस् ।

जन्मदाता ० ० ।१।

पिताजीको भुजन्म भयो,

उन्नोस सये उनसाठ्ठो सालैमा।

महीना थियो आषाढ राम्रो ।

कृपा थियो लक्ष्मीको झन राम्रो ।।

जन्मदाता ० ० ।२।

जन्म दियौ हामीलई बाबा, ।

पालो पोषी हुर्काई पढाई ।

उपनयन विवाह गरी,।

अंश भाग गराई दिलाई जन्मदाता ०० ।३।

बैकुण्ठमा बसेर हामीलाई, ।

उपदेश लेखेर भेज्नुहोस्

हाल खबर के कस्तो त्यहाँ छ,
चिठी पत्र लेखेर दिनुहोस् ।।
जन्मदाता ० ० । ।४।

पितृलोक के कस्तो रहेछ ?
काम काज के गर्नु पर्दछ ?
शरीरमा सुख दुःख के छ ?
लेख्नुहोस् सन्देश जे जे छ ।।
जन्मदाता ० ०। ।५।

इति पितृ विरह गीत चतुर्थ विमर्श प्रथम पुष्प
समाप्त

卐卐卐

6

मातृ विरह गीत, चतुर्थ विमर्श

द्वितीय पुष्प प्रारम्भः

किन गयौ हे मेरो आमा,
विरहको सागरमा छोडेर ।ध्रुव।
हे मेरी आमा खुमार कान्ता,
विरह गराई ।
छोडेर आज वैकुण्ठ गयौं,
विरह गराई । किन गयौ ० ।१।
दर्शन विना शरीर मेरो,
शोकले जलेको ।
आमाको प्रेम आमाको माया,
मनले संझेर । किन गयौ ०।२।
प्रेमका आंसू खसेर आंखा,
बरबर मलाई ।
विरह आँसू वियोग आंसू,
भिजाउँछन् मलाई । किनगयौ ।३।
हे मेरी आमा हे पूज्य आमा,
किनपो छोड्यौनि ।
अन्तिम भेट नदिई आमा,
किन हो विस्यौंनि । किनगयौ ० ।४।

विरह आँसू पुछेर आमा,

दर्शन दिनुहोस् ।

विरह गीत गाएर आमा,

संझेर रूदैछु । किनगयौ ० ।५।

इति मातृविरह गीत चतुर्थ विमर्श द्वितीय पुष्प समाप्त

卐卐卐

आमा प्रेम गीत, चतुर्थ विमर्श तृतीय पुष्प प्रारंभ

आमा संझी रोयेको होला,
डाँडाकाठो गयेको नेपाली । ध्रुवम् ।
सिजानदी बाटामा बसेको,
आमालाई संझेर रोयेको ।
आमाजस्तो ठूलो केही छैन,
संमवाले शरीर जलेको ॥
आमा संझी रोयेको । ।१।
संझी संझी रोयेको मनलाइ,
बुझाउँदै ज्ञानको धाराले,
ज्ञानबत्ती बालेर मनमा,
मनलाई निश्चल गरेर ।
आमासंझी रोयेको ० ० ।२।
मनभित्र आत्मालाइ खोजेर,
आत्मचिनी सुशान्त भयेर ।
शरीरमा जीव छ बसेको,
जीव साक्षी इश्वर भयेको ॥
आमासंझी ।३।

इतिश्री खेमकृत आमाप्रेम गीत, चतुर्थ विमर्श, तृतीय पुष्प समाप्त

इतिश्री खेमराज श्री कृष्ण शरणकृत, पितृबिरह गीत, मातृबिरह गीत; आमाप्रेम गीत सहितं; रारातान नामक गीतिकाव्य समाप्तम्।

क्रान्ति शान्ति गीत

क्रान्ति ल्याई शान्ति दिई कान्ति भरी देवी ।
एकताको शक्ति दिंदै जनतामा देवी ।।
अज्ञानको तिमिरता दूरगरी आमा ।
वेणुनादी शुभकर ज्योतिभरी आमा ।१।
नेपालीमा विद्या शिक्षा दीक्षा नित्य जमाई ।
जागर्तिको भावनामा शुद्ध ज्योति जगाई ।।
स्वदेशको प्रीतिभाव जनतामा जागोस् ।
स्वतन्त्रको शान्तिदीप एकतामा बोलोस् ।२।
देश ह्राम्रो सदाकाल स्वतन्त्रनै रहोस ।
ज्ञानज्योति स्वतन्त्रको प्रफुल्लनै रहोस ।।
देश राम्रो नेपालनै हामीलाई लागोस ।
शारदाजी मातादेवी देश ह्राम्रो जागोस ।३।
नेपालीमा कर्मयोग भक्तियोगमान ।
विज्ञाव र ज्ञानयोग धर्मयोग ध्यान ।।
काम मोह लोभ आदि शत्रुवर्ग त्याग ।
यज्ञ दान तपोबल एकताको याग ।४।
ईश्वरको गुणवाद वाणी कर्णकथा ।
कर्महात मनपाद स्मृति माथि तथा ।।

वासुदेव भक्तनति सिरगति पाई ।
कृष्णरूपी भागवत गुण दृष्टि धाई ।५।

नेपालमा जडीबुटी औषधि छन् सब ।
विज्ञानलेखोजगरे प्राप्तहुन्छन् अब ।।
हीरा मोती सुन चाँदी पृथिवीमा जब ।
प्राप्त हुन्छन् मानवमा सुखहुन्छ तब ।६।

इति श्रीखेमराजश्रीकृष्णशरणकृत क्रान्तिशान्ति गीत समाप्त ।



"'जागौंन हामी' गीत :-

जागौंन हामी नेपाली भाई ।
स्वदेश सुधार्न ।।
उठौंन हामी नेपाली दिदी ।
स्वजाति सुधार्न ।।
उठ हे वैनो नेपाली माता ।
जागर्ति गरौंन ।।
स्वदेश बसौं स्ववेष गरौं ।
उन्नति गरौंन ।१।
स्वदेश बसौं स्वदेशवासी ।
स्वभूमि सुधार्न ।।
स्वदेश राम्रो स्वधर्म हाम्रो ।
गीताको वचन ।।
विज्ञान पढौं सुधार गरौं ।
स्वमान राखौंन ।।
स्वमातृभूमि स्वपानी मिठो ।
स्ववायु शोभन / ।२।

इति खेमकृतं जागौंनहामीगीतं समाप्तम् ।

"तिमी हामी" गीतम्

तिमी हामी भन्नु पो के छ र ?
यो जीवनलाई छोडेर जानि हो ।।ध्रुवम्।।
कति युग बिते हुन् हाम्रा ।
हामीलाई केही होश छैन हो ।।
यो जीवन के राम्रो रहेछ ।
शिक्षा दीक्षा हासिल गर्नलाई ।।
तिमी हामी० । ।१।
कति पुर्खा स्वर्गमा गैसके ।
हेरहेर यो जीवन छोडेर ।।
आज हो कि भोलि हो मर्ने ।
छैन केही ईश्वरलाई छोडेर ।।
तिमी हामी० । ।२।
रिक्त थियौं जन्मने कालमा ।
सबै पायौं संसारमा आएर ।।
जीवनको प्रपञ्च जानेर ।
रिक्तहस्त जानेछौं भनेर ।।
तिमी हामी० । ।३।

आत्मज्ञान गर्नुनै श्रेय छ ।
धर्म कर्म आचार जानेर ॥
नित्य वस्तु आतमा नै रहेछ ।
जीव सबै आत्मै हुन् भनेर ॥
तिमी हामी० ।४।

इति खेमश्रीकृष्णशरणकृतं तिमो हामी गीतं
समाप्तम् ।

卐

श्रीकृष्णपरब्रह्म गीतम् :-

संसारको दुई दिनको झलक ।
सबैले छोडेर जानि हो ।।रीटक।।
प्रभुको यो बलो माया ।
सबैले छोडेर जानि हो ।।
संसारको० । ।१।
मायाले बाँधेको जीव ।
कसरी त्यो मुक्ति पाउने छ ।।
ब्रह्मनै सबैको साँचो ।
जगतै सबैको असाँचो ।।
संसारको० । ।२।
कृष्णमयी सबै यो जगत ।
श्याममयी बुझी नाम जपनु ।।
यो घडीं कलि यो युगमा ।
मुक्ति दिने हरिकीर्तनैमा ।।
संसारको० । ।३।
यसैमा ध्यान गर्नु सबले
यसैको जप गर्नु जनैले ।।

प्रभुको चैतन्यमाया ।
जगतै प्रभुको सब छाया ।
संसारको० । ।४।
यो जगत अनित्य बुझेर ।
प्रभुको सुतत्वं जानेर ।।
संसारी वासना सबमा ।
नभुल हे जन हो नभूल ।।
संसारको० / ।५।
ब्रह्म सत्य जगतै मिथ्या ।
नबुझी सब जनै सुमिथ्या ।।
यो सबै सुतत्व वेदले ।
गाएको देखेर स्मृतिले ।।
संसारको० । ।६।
अठारै पुराणहरूले ।
गाउंदछन् अरू सब शास्त्रैले ।।
द्वैतज्ञान बुझनु पहिले ।
द्वैताऽभाव संझनु सबैले ।।
संसारको० । ।७।

एकनै ईश्वरै सबको ।
साथी ही मरेर जानिको ॥
साथ जानि ईश्वरै सबको ।
पारगर्ने श्रीकृष्णै सबैको ॥
संसारको० । ।८।

इति श्री खेमराजीय श्रीकृष्णपरब्रह्मगीतं
समाप्तम् ।



श्री सर्वेश्वरो विजयते

श्री १००८ भगवन्निम्बार्क महामुनीन्द्राय नमः ।
श्री निम्बार्काचार्य विरचित श्रीकृष्णपरब्रह्मस्तुतिः,
अथ सविशेष-निर्विशेष-श्रीकृष्णस्तवव्याख्या-वेदान्ततत्त्वसुधा ।

शान्तिकान्ति गुणमन्दिरं हरिम् ।
स्थेम सृष्टिलयमोक्ष कारणम् ।।
व्यापिनं परम सत्य मंशिनं ।
नौमिनन्दगृहचन्दिन प्रभुम् । ।१।

निर्गुणं तदिति वैदिकं वचोऽ- ।
विद्यया त्वयि विशेषणाऽस हे ।।
वस्तुनोऽखिलविशेष सागरे ।
नो विरुद्धमितितावदस्तु मे । ।२।

त्वत्समो यदिह नास्ति चेतनः ।
कस्तदाऽधिक गुणाकर प्रभुः ।।
त्वां प्रयामि शरणं शरण्यकम् ।
पुण्डरीकनयनं सुधानिधिम् । ।३।

त्वांविशिष्टगुण मात्मसुप्रियं ।
दर्शनीय मुखपङ्कज प्रभम् ।।
स्पर्शनीयतनुबल्लरीश्रियम् ।
सेवनीयपदपङ्कजद्वयम् । ।४।

ब्रह्मरुद्रसुरराजवन्दितं ।
अर्चितञ्च रमयाङ्कमालया ।।
पर्चितञ्च नवगोपबालया ।
प्रेमभक्तिरसशालिमालया । ।५।

किञ्चकिञ्चिदिह विद्यते नहि ।
त्वां विनाऽणवपितथाऽखिलेश्वर ।।
नेति नेति च निषेधिताश्रय- ।
स्तद्विशष विषयोऽपिसम्मतः । ।६।

त्वय्यणुत्व सुमहत्वभाणिवि ।
सर्वशक्तिबलयोगशालिवि ।।
भक्तिरस्तु मम विश्वना हृदे ।
कृष्णकेशव महत्तमाश्रये । ।७।

तत्वमादिपदवाच्यविष्णवे ।
जिष्णवेऽखिलगुरो प्रविष्णवे ।।

आत्मनो यमयते प्रजेतसे ।
नौमि ते मधुरिपो महौजसे । ।८।

ब्रह्मणो भवत आदि पुरुषात् ।
जायते यत इदं रमेश्वरात् ।।
तन्नियामकतया तदात्मकं ।
विश्वमेव मखिलं प्रचक्षते । ।९।

जन्मकर्मगुणरूपयौवनं ।
दिव्यमेव कवयो वदन्ति ते ।।
श्रौतवाद उपलभ्यते तथा ।
निर्विशेषचितिमङ्गलालये । ।१०।

नित्यमुक्तजनतासुसेवितो ।
बद्धजीवकरुणाऽक्षिगोचरः ।।
देशकालगुणवस्तुतः परः ।
गोपिनोबुध्रजनप्रियोभवान् । ।११।

भाति चातिनिरुपाधिपद्धति- ।
र्भक्तकाम परिपूरको विभुः ।।
व्यापकोऽपिपरिच्छिन्नहृद्गतोऽ- ।
चिन्त्यशक्तिरखिलैः सदा नुतः । ।१२।

आत्मभाव मनुभूतिरूपिणो- ।
ये वदन्ति तव रूपरूपिण: ।।
ब्रह्मभाव-परमात्मभावत: ।
सत्यमेवसुखबोगरूपिण: । ।१३।

त्वामखण्डरसमात्मवल्लभं ।
वेदवाक्यमतएव बोधयत् ।।
पर्यवस्यतिपरेऽखिलात्मनि ।
त्वय्यन-त सुखरूपबोधकम् । ।१४।

वेदविद्भिरभिधीयते पशु- ।
र्योऽन्यदेव समुपासकोहि स: ।।
त्वामुपास्य बहवोऽमृता गता: ।
पूर्णकाम ममृतंनिरहंस: । ।१५।

नेष्टसिद्धिरपि च व्यवस्थया ।
नादृतेशचरणायतो हरे ।।
युक्ति रेवशिथिला हि तन्मते ।
सन्तयापि नहि मानदो विभु: । ।१६।

पारशून्य परधाम तेऽद्भुतं ।
चिद्धनं जयति लोकमूर्द्धनि ।।

व्यापकं च परिखा सरिद्वराऽ- ।
चिन्त्यशक्ति नवमङ्गलध्वनि । ।१७।

सत्प्रसङ्ग बललभ्यभक्तितो- ।
लभ्य एव रसमूर्तिमान् भवान् ।।
सन्मुखा ननुभवन्ति ये न ते ।
ते नियन्ति निरयान् विपद्गणान् । ।१८।

अक्षमेव सबलं प्रमाणतो- ।
यद्यपीह कथयन्त्यपूर्वजाः ।।
त्वत्स्वरूपगुणवर्णने विभो ?
वाक्यमेव सबलं प्रतीयते । ।१९।

एकधा च बहुधा प्रदृश्यते ।
यत्र यत्र तव बिम्ब मात्मनः ।।
उत्तमश्च खलु भाग्यवत्सु सः ।
सोऽपियुक्ततम एव सद्वरः । ।२०।

ह्यंशताऽपि न च भाति चेतनेऽ- ।
हंप्रतीतिविषयेऽहमर्थके ।।
त्वच्छरीरमिति हेतुवर्णना- ।
न्मन्य आत्मपरिशीलने कुतः । ।२१।

दृष्टिसृष्टि रपि नैव सम्मता ।
दर्शनात्तव फलं यतः स्थिरम् ।।
सार्थको भवति यत्र शब्दकः ।
सर्वएव परदेवताऽऽत्मनि । ।२२।

नाश्रयो नविषयो भवान् यतो ।
ऽज्ञानतोऽपि करुणानिधे तव ।।
सत्स्वरूप मत आमनन्ति हि ।
विग्रहं परममङ्गल परम् । ।२३।

ध्यानमङ्गमितिय न्मतान्तरम् ।
तन्नयुक्त मत एव माधव ।।
यद्यपि श्रवणतोऽपवर्गदोऽ- ।
ङ्गं तथापि सुवचं शुभं यतः । ।२४।

प्राप्य जन्म यदि मानुषं नरः ।
सेवते न तव पादपङ्कजम् ।।
धिक् च जन्म कुल मादिदेव वद् ।
यौवनादि सकलं न शोभते ।। ।२५।

इति श्री निम्बार्कमुनिविरचितपञ्चविंशति
श्लोकतत्त्वं समाप्तम् ।।

सम्पादक : खेमराजश्रीकृष्णशरणः ज्ञवाली ।

वसन्तरागगीतम् :-

विहरतु हरिरिह सरसवसन्ते ।
विहरतु श्रुतिरिह सरसहृदन्ते ॥
विहरतु मधुरिह मानववंशे ।
विहरतु गुरुरिह शास्त्रकदम्बे ॥ ।१।

इति श्री खेमराजकृतं वसन्तरागगीतं समाप्तम् ।

6

मम पितामह (पद्मनिधि)-परिचय गीतम्

गुल्मी मण्डल वर्तिके कुसुमिते ।
ग्रामे ठुलाखर्कके ॥
नाम्ना पद्मविधी रराज सततं ।
ह्यस्मत्पितुर्वैपिता ॥

विख्यातः सततं स्वकर्मविरतो- ।
ज्योतिर्विदामग्रणी- ॥
एकाशीतितमे गतेऽब्दसमये ।
प्राणान् युयोजाऽऽत्मनि ॥ ।१।

इति खेमकृतं पितामह पद्मविधि परिचयगीतं समाप्तम् ।

**

१५५४५

लेखकका कृतिहरू

१. कविता संग्रह गीतम् (अप्रकाशित)
पुस्तकालय विज्ञान पाण्डुलिपि
विज्ञान ,,

२. पुस्तकालय विज्ञान
पञ्चसूत्री बहुभाषीय ,,

४. श्रीमद्भागवत महापुराण
नेपाली भाषा अनुवाद ,,